# जलेश्वर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
जलेश्वर, महोत्तरी मधेश प्रदेश, नेपाल

कार्यालय :०४४-५२००८७
फैक्स : ०४४-५२०१४३
वारुणयन्त्र : ०४४५२००९७


पत्र संख्या :- ०८०/८१
चलानीनम्बर :- ६२२

मिति :- २०८०।०८।०७

**विषय : वैदेशिक रोजगार सन्तती छात्रवृति कार्यक्रममा सहभागी हुने बारे सूचना ।**

उपरोक्त सम्बन्धमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय वैदेशिक रोजगार बोर्ड सचिवालयको च.नं. ४२१ मिति २०८०।०८।०४ गतेको पत्रअनुसार वैदेशिक रोजगार सन्तती छात्रवृति सञ्चालन कार्यविधि, २०८० बमोजिम श्रम स्वीकृति लिई वैदेशिक रोजगारमा गई मृत्यु या अंगभंग वा बिरामी भई वैदेशिक रोजगार बोर्डबाट शत प्रतिशत अशक्त भएका श्रमिकहरुका १८ वर्ष मुनीका सन्ततीहरु पुर्व प्राथमिक कक्षा वा नर्सरी वा सो सरह देखि १२ कक्षासम्मका विद्यार्थीहरुका लागि वैदेशिक रोजगार बोर्डबाट उपलब्ध गराईने छात्रवृतिका लागि तपसिल अनुसारको कागजात सहित आफु अध्ययनरत शैक्षिक संस्थामा अनुसूची १ बमोजिमको ढाँचामा फारम भरी २०८० मङसिर मसान्त सम्म निवेदन दिन सम्बन्धित सबै सरोकारवालाको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**निवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरु (नयाँ आवेदनका लागि )**

- निवेदकको संरक्षकको नागरिकताको प्रतिलिपि ।
- वैदेशिक रोजगारमा गई मृत्यु भएका कामदारको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
- कामदारको राहदानीको प्रतिलिपि या राहदानी नं. खुल्ने कागजात ।
- वैदेशिक रोजगारीमा गई सोही क्रममा अशक्त भएका कामदारको पूर्णरुपमा अशक्त भएको खुल्ने प्रमाण कागज
- विद्यार्थीको जन्म दर्ताको प्रतिलिपि ।
- निवेदक, संरक्षक र कामदार बिचको नाता प्रमाणको प्रतिलिपि ।
- विद्यार्थी वा संरक्षकको बैंकखाता खुल्ने कागजातको प्रतिलिपि ।
- सम्बन्धित स्थानीय तहको सिफारिश ।

**साविकमा प्राप्त गरिरहेका बालबालिकाका लागि**

- विद्यार्थीको निवेदन ।
- अध्ययनरत विद्यालयको कक्षा खुल्ने सिफारिस पत्र ।
- विद्यार्थी वा संरक्षकको बैंक खाता खुल्ने कागजातको प्रतिलिपि ।
- कामदारको राहदानीको प्रतिलिपि ।

.....................
जय कुमार साह
प्रशासकिय अधिकृत

**छात्रवृतिको सिमा**

वार्षिक रुपमा आधारभूत तहका लागि रु. १२०००।- र माध्यमिक तहका लागि रु. १६०००।- प्रदान गरिने छ । (एक जना विद्यार्थीलाई एउटा कक्षामा १ पटकका लागि मात्र वार्षिक रुपमा एकमुष्ट छात्रवृति उपलब्ध गराईनेछ ।)

**नोट** : छात्रवृति फाराम रोजगार सेवा केन्द्र (जिल्ला समन्वय समितिको परिसरभित्र) लिन सकिनेछ वा जलेश्वर नगरपालिकाको वेवसाइट www.jaleshwarmun.gov.np वा सचिवालयको वेवसाइट www.feb.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।

अभिजित कुमार झा
रोजगार संयोजक

**"पवित्र, सुन्दर, हरित, समृद्ध जलेश्वर"**

अनुसूची-१

(कार्यविधिको दफा ७ (१) संग सम्बन्धित)

## छात्रवृत्तिका लागि दिने निवेदनको ढाँचा

मिति : ............

श्री प्रधानाध्यापकज्यू

...........................

विषय : वैदेशिक रोजगार छात्रवृत्तिका लागि सिफारिस गरीलब्ध गरी पाउँ।

महोदय,

उपरोक्त सम्बन्धमा मेरो (बुवा/आमा) नाताको ..........................................वैदेशिक रोजगा सेलसिलामा मिति .............................. मा ......................... देशमा मृत्यु/अङ्गभङ्ग/अशक्त बि भएकाले परिवारको शैक्षिक विकासका लागि नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्र वैदेशिक रोजगार बोर्डको सचिवालयबाट प्राप्त हुने छात्रवृत्ति दिलाई पाउँ भनी देहाय बमोजिमका काग संलग्न गरी यो निवेदन पेश गरेको छु:-

<u>संलग्न कागजातहरू</u>

(क) श्रमिकको राहदानीको निस्साको प्रतिलिपि वा राहदानी नम्वर खुल्ने कागजात,

(ख) निवेदक वा संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र बैंक खाता नंम्वर,

(ग) श्रमिकको मृत्युदर्ताको प्रमाणपत्र वा अङ्गभङ्ग वा गम्भीर बिरामी भएको प्रमाणित गर्ने मा प्राप्त चिकित्सकको प्रमाणपत्रको प्रतिलिपि,

(घ) निवेदक र श्रमिक बीचको नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि,

(ङ) श्रमिक करार अवधि भित्रै अङ्गभङ्ग वा गम्भीर बिरामी भई समस्यामा परी स्वदेश फर्केको कागजात,

(च) छात्र/छात्राको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि,

<u>निवेदक</u>

नाम थर :

ठेगाना :

सम्पर्क नं. :

कक्षा :

रोल नं. :